# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
३ नं. प्रदेश, नेपाल

मितिः २०७६।१०।०२

प.सं.:- ०७६।७७
च.नं.:- १६०६
(कृपया जवाफ पठाउँदा पूर्व पत्र संख्या, चलानी नं. र मिति उल्लेख गर्नुहुन।)

**विषयः राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागि गराउने सम्वन्धमा ।**

श्री कालिका नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत सवै मा.वि. हरु ।

प्रस्तुत विषयमा यस नगरपालिकाको मितिः २०७६।९।२७ को निर्णयानुसार यस नगरपालिकाको आयोजनामा २०७६।१०।०६ देखि सञ्चालन हुने राषष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा यस नगरपालिका भित्रका माध्यमिक विद्यालयहरुले सहभागी हुन मिति २०७६ माघ ५ गते सम्ममा नाम दर्ता गराउनु हुन अनुरोध छ । अन्यथा सहभागी गराउन नसकिने व्यहोरा जानकारी गराइन्छ ।

राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका आधारहरुः

१. प्रत्येक विद्यालयले राष्ट्रपति रनिङ्ग शिल्डका प्रत्येक खेलका लागि कक्षा ९-१२ सम्मका नियमित छात्र छात्रा सहभागी गराउनु पर्नेछ । सहभागी विद्यार्थीले तोकिए बमोजिमको फाराम भर्नु पर्ने छ ।

२. सहभागी छात्र छात्राहरुको उमेर १८ बर्ष ननाघेको हुनु पर्ने छ । गैर विद्यार्थीलाई सहभागी गराइने छैन ।

३. सहभागी विद्यार्थीको आधिकारिकता परीक्षण, प्राविधिक समितिवाट गराइने छ र सो समितिको निर्णय अन्तिम हुनेछ ।

४. भलिवल खेलका लागि प्रत्येक सहभागि समूहमा ९ - ९ छात्र तथा छात्रा समावेश गर्नु पर्नेछ ।

५. कवड्डी खेलका लागि प्रत्येक सहभागी समूहमा ९-९ जना छात्र तथा छात्रा समावेश गर्न पर्नेछ।

६. एथलेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलको हकमा महिला तथा पुरुषका प्रत्येक इभेन्टमा १/१ टिम र अन्य प्रत्येक इभेन्ट्समा बढिमा दुई जना खेलाडीहरुलाई सहभागी गराउन सक्ने छ ।प्रत्येक खेलाडीले वढीमा एक फिल्ड दुई ट्र्याक वा दुइ फिल्ड एक ट्र्याकमा भाग लिन पाउने छ।

७. २०७६ माघ ६ गते टाई सिट ड्र गरिने छ ।

१०. प्रत्येक खेलमा रेफ्रीको निर्णय नै अन्तिम निर्णय हुने छ ।

११. प्रत्येक विद्यालयले राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता उद्घाटनका दिन अर्थात २०७६।१०।०६ गते विहान १०:०० बजे मार्च पासका लागि खेलाडी सहितका विद्यार्थी सहभागी गराउन पर्ने छ ।

१२. प्रत्येक विद्यालयले आफ्नो विद्यालयवाट सहभागिता जनाउने विद्यार्थीहरुको लागि खाजा, खाना, पोषाक लगायतको व्यवस्था विद्यालय आफैंले गर्नु पर्ने छ ।

१३. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सचालन हुने स्थान शहीद स्मृति बहुमुखी क्याम्पसको पदमपुर शाखाको प्रांगण

उप सचिव

# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रंडकसग्राम, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं.:- ०७५/७६
च.नं.:- ९६०५

(कृपया जवाफ पठाउँदा पूर्व पत्र संख्या, चलानी नं. र मिति उल्लेख गर्नुहुन।)

१४. संचालनहुने खेलहरुको विवरणः

- भलिवलः छात्र, छात्रा
- कवड्डीः छात्र, छात्रा
- एथलेटिक्सः

(क) दौड (ट्र्याक) तर्फ

छात्रः १०० मि.,२०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३०००मि., ४*१०० मि. रिले, ४x४०० मि. रिले

छात्राः १०० मि.,२०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३०००मि., ४*१०० मि. रिले, ४x४०० मि. रिले

(ख) उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फः

छात्रः हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटपुट १२ पाउण्ड ।

छात्राः हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम, सटपुट ८ पाउण्ड

- तेक्वान्दोः छात्रः u-४५ के.जी., u-४८ के.जी., u-५१ के.जी.,

  छात्राः u-४२ के.जी., u-४४ के.जी., u-४६ के.जी.,

उप प्रमुख

# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं.:- ०७६।७७ मिति: २०७६।१०।०२

च.नं.:- १६०५

(कृपया जवाफ पठाउँदा पूर्व पत्र संख्या, चलानी नं. र मिति उल्लेख गर्नुहुन।)

विषयः मेयर रनिङ शिल्ड प्रतियोगितामा सहभागि गराउने सम्बन्धमा ।

श्री कालिका नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत सवै विद्यालहरु ।

प्रस्तुत विषयमा यस नगरपालिकाको मितिः २०७६।९।२७ को निर्णयानुसार यस नगरपालिकाको आयोजनामा २०७६।१०।०६ देखि सञ्चालन हुने **मेयर रनिङ शिल्ड प्रतियोगितामा** यस नगरपालिका भित्रका विद्यालयहरुले सहभागी हुन मिति २०७६ माघ ५ गते सम्ममा नाम दर्ता गराउनु हुन अनुरोध छ । अन्यथा सहभागी गराउन नसकिने व्यहोरा जानकारी गराइन्छ ।

**मेयर रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका आधारहरुः**

१. प्रत्येक विद्यालयले मेयर रनिङ्ग शिल्डका प्रत्येक खेलका लागि कक्षा ८ सम्मका नियमित छात्र छात्रा सहभागी गराउनु पर्नेछ । सहभागी विद्यार्थीले तोकिए बमोजिमको फाराम भर्नु पर्ने छ ।

२. सहभागी छात्र छात्राहरुको उमेर १८ वर्ष ननाघेको हुनु पर्ने छ । गैर विद्यार्थीलाई सहभागी गराइने छैन ।

३. सहभागी विद्यार्थीको आधिकारिकता परीक्षण, प्राविधिक समितिबाट गराइने छ र सो समितिको निर्णय अन्तिम हुनेछ ।

४. भलिवल खेलका लागि प्रत्येक सहभागि समूहमा ९ - ९ छात्र तथा छात्रा समावेश गर्नु पर्नेछ ।

५. कवड्डी खेलका लागि प्रत्येक सहभागी समूहमा ९-९ जना छात्र तथा छात्रा समावेश गर्न पर्नेछ।

६. एथलेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलको हकमा महिला तथा पुरुषका प्रत्येक इभेन्टमा १/१ टिम र अन्य प्रत्येक इभेन्ट्समा बढिमा दुई जना खेलाडीहरुलाई सहभागी गराउन सक्ने छ ।प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुइ फिल्ड एक ट्र्याकमा भाग लिन पाउने छ।

७. २०७६ माघ ६ गते टाई सिट ड्र गरिने छ ।

१०. प्रत्येक खेलमा रेफ्रीको निर्णय नै अन्तिम निर्णय हुने छ ।

११. प्रत्येक विद्यालयले मेयर रनिङ्ग शिल्ड प्रतियोगिता उद्घाटनका दिन अर्थात २०७६।१०।०६ गते विहान ११:०० बजे मार्च पासका लागि खेलाडी सहितका विद्यार्थी सहभागी गराउन पर्ने छ ।

१२. प्रत्येक विद्यालयले आफ्नो विद्यालयवाट सहभागिता जनाउने विद्यार्थीहरुको लागि खाजा, खाना, पोषाक लगायतको व्यवस्था विद्यालय आफैंले गर्नु पर्ने छ ।

१३. मेयर रनिंङ्ग शिल्ड प्रतियोगिता सचालन हुने स्थान: मा. वि. रेडक्रसग्रामको प्रांगण

उप सचिव

# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं.:- ०७६/७७
च.नं.:- १६०६

(कृपया जवाफ पठाउँदा पूर्व पत्र संख्या, चलानी नं. र मिति उल्लेख गर्नुहुन ।)

१४. संचालनहुने खेलहरुको विवरणः

- भलिवलः छात्र, छात्रा
- कवड्डीः छात्र, छात्रा
- एथलेटिक्सः

(क) दौड (ट्र्याक) तर्फ

छात्रः १०० मि.,२०० मि., ४०० मि., ८०० मि., ४*१०० मि. रिले,

छात्राः १०० मि.,२०० मि., ४०० मि., ८०० मि., ४*१०० मि. रिले,

(ख) उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फः

छात्रः हाइजम्प, लङजम्प, सटपुट ८ पाउण्ड ।

छात्राः, हाइजम्प लङजम्प, सटपुट ८ पाउण्ड

- तेक्वान्दोः छात्रः U-४५ के.जी.,
- छात्राः U-४२ के.जी.,

प्र.अ.तरिका